गोरखापत्रमा प्रकाशित

# शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशको
## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति- २०७९/०७/२७गते

प्रदेश सरकार, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेश पोखराको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमलाई कार्यान्वयन गर्नको लागि प्रचलित कानुन बमोजिम दर्ता भएका (यस आर्थिक वर्षमा मन्त्रालय वा जिल्लास्थित सामाजिक विकास कार्यालयहरुबाट कुनै पनि प्रकारको अनुदान प्राप्त नगरेका) संस्थाहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रस्ताव पेश गर्नहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि मन्त्रालयको वेवसाइट mosd.gandaki.gov.np मा हेर्न सकिनेछ। र मोबाइल नं. ९८४६५५०५०१ मा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं | कार्यक्रम/ क्रियाकलाप | प्रस्ताव पेश गर्ने निकाय | संलग्न गर्नुपर्ने कागजातहरु |
|---|---|---|---|
| १ | सञ्चालित ज्येष्ठ नागरिक सेवा भवन तथा आश्रम संचालन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | संचालित ज्येष्ठ नागरिक आश्रम एवम् वृद्धाश्रमहरुले **मन्त्रालयको महिला बालबालिका तथा समाजकल्याण तर्फका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९** को अनुसूचि १ बमोजिम भरिएको प्रस्ताव, सम्बन्धित स्थानीय तह/वडा कार्यालय/सामाजिक विकास कार्यालयको सिफारिस पत्र, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, संस्थाको विधान, संस्था नवीकरण, लेखापरीक्षण, स्थायी लेखा नम्बर, कर चुक्ता खुल्ने कागजात, संस्थाको कार्ययोजना,विस्तृत लागत अनुमान, संस्थाको पछिल्लो वैठकको निर्णय प्रतिलिपी, भवन वा जग्गा भए सोको प्रतिलिपी । |
| २ | अटिजम भएका बालबालिकाहरुलाई स्याहार गर्ने संस्थाहरुलाई सञ्चालन अनुदान | | सम्बन्धित संस्थाहरुले मन्त्रालयको **अपाङ्गता तर्फका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यान्वयन मापदण्ड, २०७९** को अनुसूचि १ बमोजिम भरिएको प्रस्ताव, सम्बन्धित स्थानीय तह/वडा कार्यालय/सामाजिक विकास कार्यालयको सिफारिस पत्र, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, संस्थाको विधान, संस्था नवीकरण, लेखापरीक्षण, स्थायी लेखा नम्बर, कर चुक्ता खुल्ने कागजात, कार्यक्रम कार्यान्वयनको विस्तृत कार्ययोजना, विस्तृत लागत अनुमान, संस्थाको पछिल्लो वैठकको निर्णय प्रतिलिपी, विगत ३ वर्षका महत्वपूर्ण सामाजिक कार्यहरु । |
| ३ | अपाङ्गता भएका व्यक्तिहरुका लागि सशक्तीकरण कार्यक्रम | | **यस कार्यक्रमलाई निम्नानुसार तीन प्रकारमा विभाजन गरी कार्यान्वयन गरिने हुँदा मन्त्रालयको अपाङ्गता तर्फका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९** अन्तर्गत<br>१. बौद्धिक अपाङ्गता भएका व्यक्ति वा तिनका परिवारका लागि आयआर्जन तथा सीपमूलक सम्बन्धी ७ दिन सम्मको तालिम संचालनका लागि संस्थाहरुले ऐ. मापदण्डको अनुसूचि ३ बमोजिमको प्रस्ताव,<br>२. सांकेतिक भाषा दोभाषेहरुका लागि पुनर्ताजगी तालिम संचालनको लागि संस्थाहरुले ऐ. मापदण्डको अनुसूचि ४ बमोजिमको प्रस्ताव,<br>३. अपाङ्गता भएका व्यक्तिहरुको लागि क्षमता विकास तथा सचेतना अभिवृद्धि कार्यक्रम संचालनको लागि सम्बन्धित संस्थाहरुले ऐ. मापदण्डको अनुसूचि ५ बमोजिमको प्रस्ताव<br>**साथै तीन वटै कार्यक्रमको लागि निम्नानुसारका कागजातहरु समेत पेश गर्नुपर्नेछ।**<br>सम्बन्धित स्थानीय तह/वडा कार्यालय/सामाजिक विकास कार्यालयको सिफारिस पत्र, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी, संस्थाको विधान, संस्था नवीकरण, लेखापरीक्षण, स्थायी लेखा नम्बर, कर चुक्ता खुल्ने कागजात, कार्यक्रम कार्यान्वयनको विस्तृत कार्ययोजना, विस्तृत लागत अनुमान, संस्थाको पछिल्लो वैठकको निर्णय प्रतिलिपी, विगत ३ वर्षका महत्वपूर्ण सामाजिक कार्यहरु । |

उप सचिव